**१४. बाधा अडकाउ फुकाउन सक्ने:** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

**१५. कार्य समिति भङ्ग गर्न सक्ने:** सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून बिपरित कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाइएमा त्यस्तो कार्यसमितिलाई सम्बन्धित वडा समितिको सिफारिसमा कार्यपालिकाले भङ्ग गर्न सक्नेछ । यसरी कार्यसमिति भङ्ग भएको अवस्थामा एक महिना भित्र यसै कार्यविधि बमोजिम नयाँ कार्य समिति गठन गर्नु पर्नेछ ।

**१६. कार्यविधि संशोधन तथा खारेज गर्न सक्ने:** (१) कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम यो कार्यविधि खारेज भएको अवस्थामा यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन भएका संस्थाहरुको सम्पत्ति तथा दायित्व कार्यपालिकाको नाममा हुनेछ ।

## अनुसूची-१
## टोल विकास संस्थालाई नगरपालिकामा सूचीकृत गर्ने निवेदनको नमुना

मितिः...................

श्री सचिवज्यू
वडा समितिको कार्यालय
वडा नं.......
दक्षिणकाली नगरपालिका ।

**विषयः टोल विकास संस्था सूचीकृत गर्ने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा यस नगरपालिकाको वडा नं. ...... स्थित .................. टोलमा गठन गरिएको .......................... टोल विकास संस्थालाई सूचीकृत गरिदिनुहुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु । यस ........................ टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सीमित रहनेछ ।

**संलग्नः**

टोल भेलाको उपस्थिति र निर्णय ।
कार्य समितिका सदस्यहरुको नाम थर ।

पूर्व सिमानाः ................................
पश्चिम सिमानाः ................................
उत्तर सिमानाः ................................
दक्षिण सिमानाः ................................
हालका जम्मा घरधुरीः

निवेदक
समितिको तर्फबाट
हस्ताक्षर :
अध्यक्षको नामः ................................
टोल विकास संस्थाको नामः ................................
ठेगानाः ................................

**दक्षिणकाली नगरपालिका**

**.......... नं. वडा कार्यालय**

**टोल विकास संस्था सूचीकृत प्रमाण-पत्र**

दक्षिणकाली नगरपालिका वडा नं. ........ स्थित ..................मा गठन भएको ............................ टोल विकास संस्थालाई यस कार्यालयमा मिति ................. मा सूचीकृत गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

यस नगरपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पूर्वाधार विकास र सुशासन कायम गर्ने क्षेत्रमा यस टोल विकास संस्थाको सक्रिय सहभागिताको अपेक्षा गर्दछु ।

.................................

वडा सचिव

प्रमाणीकरण: २०७८ असार ०६ गते

मूल्य रू. ३०/-

आज्ञाले,

तुलसी बहादुर श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत